मादक पदार्थ सेवन गरी
सवारी साधन नचलाऔं
दुर्घटनाबाट आफू पनि बचौं
र अरुलाई पनि बचाऔं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

बुद्ध दर्पण राष्ट्रिय दैनिक
बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily




वर्ष ९ अंक १५३ | ७ पुस २०८० शनिबार | 23 December 2023 Saturday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

## मुख्यमन्त्रीका ३ शहरमा सरकारी निवास

# ६ वर्षमा प्रदेश सरकारको प्रशासनिक खर्च ३५ अर्ब ४६ करोड

रुपन्देही ६ पुस

लुम्विनी प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयको तथ्यांकअनुसार स्थापनाको ६ वर्षमा प्रदेश सरकारको प्रशासनिक खर्च ३५ अर्ब ४६ करोड २१ लाख १४ हजार रुपैयाँ भएको छ । यसरी अत्याधिक ठूलो मात्रामा प्रशासनिक खर्च बढ्नुको कारण मुख्यमन्त्री र मन्त्रीको फजूल खर्च नै मुख्य हो। लुम्बिनी प्रदेशले पछिल्लो ६ वर्षमा आम्दानीभन्दा ४ गुणा बढी खर्च गर्दै आएको छ। तैपनि प्रदेश सरकारले फजुल खर्च कटौती गर्नेतर्फ ध्यान दिन सकेको छैन। उल्टै मुख्यमन्त्रीले तीन ठूला शहरमा सरकारी निवास चलाउँदै आएका छन्। मुख्यमन्त्रीलाई पछ्याउँदै सभामुखले दुई ठाउँमा सरकारी निवास ओगटेका छन् ।मुख्यमन्त्रीले प्रदेशका सबै कार्यालय देउखुरी सारिए पनि बुटवलस्थित आन्तरिक राजस्व कार्यालयको सुविधासम्पन्न भवन छाडेका छैनन् । लाखौं रुपैयाँ खर्चेर यस निवासमा कर्मचारी राखिएका छन् । यहाँ मुख्यमन्त्रीले सरकारी कामकाजभन्दा पार्टीका कार्यकर्ताका काम गर्ने गरेका छन्।





प्रदेश राजधानी देउखुरीमा पनि सुविधासम्पन्न आवास गृह व्यवस्था छ । त्यसमाथि संघीय राजधानी काठमाडौंको भैसेपाटीमा पनि मुख्यमन्त्रीलाई सरकारी आवास गृह बनाइएको छ।

मुख्यमन्त्रीलाई पछ्याउँदै प्रदेश सभामुखले पनि दुई ठाउँमा सरकारी आवास गृह प्रयोग गरेका छन्। बुटवलस्थित सीप विकास केन्द्रको सुविधासम्पन्न भवनमा ६ वर्षअघि नै सभामुखका लागि आवास गृह बनाइएको थियो । डेढ वर्षअघि प्रदेशसभाको काम देउखुरीबाटै हुन थाल्यो । सोहीअनुसार एक वर्षअघि देउखुरीमै सभामुखको लागि आवास गृह तोकियो। तर, उनले बुटवलस्थित आवास गृह छाडेका छैनन् ।देउखुरीमा राप्ती गाउँपालिकाको २ नम्बर वडा कार्यालयको भवन सभामुख आवास गृह बनाइएको छ। सुरुमा राप्तीपारि सभामुखको निवास बनाइएको थियो । तर, सभामुखले त्यहाँ नजाने अड्डी लिएपछि वडा कार्यालयमा आवास बनाइएको थियो। मुख्यमन्त्री र सभामुखका आवास गृहमा सरकारी खर्चमै भान्से, सुरक्षा गार्ड, सचिवालयका कर्मचारीको छुट्टाछुट्टै व्यवस्था गरिएको छ ।मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले बुटवलस्थित निवास रेखदेखका लागि चार जना नेपाली सेना खटाएका छन् । दाङको देउखुरीमा राजधानी सारिएको तीन वर्ष बितिसकेको छ। तर, मुख्यमन्त्री कार्यालयले बुटवलस्थित राजस्व अनुसन्धानको भवन छोडेको छैन । प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखरेलपछि कुलप्रसाद केसी र लीला गिरी पनि यहाँ नै बसेका थिए। केसीका पालामा दाङमा अर्को निवास बनाइएको थियो । अहिले दाङकै निवासबाट सबै काम भए पनि मुख्यमन्त्रीले बुटवलस्थित भवन छोडेका छैनन् ।संघीय सरकार मातहत रहेको राजस्व अनुसन्धान कार्यालय बुटवलको केन्द्र भागमा छ । मिलनचोकमा ५ कट्ठा क्षेत्रफल जग्गामा दुइटा भवन र २८ वटा कोठा छन्।

वरिपरि सुरक्षाकर्मीहरूका लागि ब्यारेकसमेत बनाइएको छ । फराकिलो क्षेत्रफलमा भवन नहुँदा दैनिक कार्यालय सञ्चालनदेखि सुरक्षामा समेत चुनौती थपिएको राजस्व अनुसन्धान कार्यालय बुटवलका प्रमुख अनुसन्धान अधिकृत पशुपतिबाबु पुरी बताउँछन् ।उनले आफ्नै भवनमा कार्यालय सार्न मुख्यमन्त्रीलाई भेटेर कुरा राखे पनि ठोस निर्णय हुन नसकेको गुनासो गरे । बुटवल उपमहानगरपालिकाले बुटवल नयाँ बसपार्कमा बनाएको टर्मिनल भवनमा बसेको राजस्व अनुसन्धान कार्यालयले घरभाडाबापत मासिक १ लाख ७० हजार रुपैयाँ भुक्तानी गर्दै आएको छ ।लुम्बिनीका मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रवक्ता निराजन घिमिरेले तत्कालका लागि मुख्यमन्त्रीको क्वाटर बुटवलबाट हटाउने कुनै तयारी नरहेको बताए । उनका अनुसार बुटवलमा भाडामा रहेका सबै कार्यालयहरु सरकारी कार्यालय बनेपछि मात्रै सार्ने योजना सरकारको छ ।लुम्बिनी प्रदेशमा प्रारम्भमा ५ वटामात्रै मन्त्रालय थिए । पछि गठबन्धन सरकार अन्तर्गत मन्त्रालय थपिइरहेको छ। तीन-तीन पटक ऐन संशोधन गरेर पदाधिकारीको सुविधा बढाइएको छ। प्रदेशको प्रशासनिक खर्च बढेको बढ्यै छ। (नेपालप्रेसको सहयोगमा )

# कपिलवस्तुको छाडा चौपाया समस्या प्रचण्ड कहाँ पुग्यो



कपिलवस्तु ६ पुस

जिल्ला कै प्रमुख समस्याकारुपमा रहेको छाडा चौपाया ब्यवस्थापनकालागि कपिलवस्तुका पालिकाका प्रमुख सहीत जन प्रतिनिधिहरुको टोलीले प्रधानमन्त्री पुष्प कमल दाहाललाई ज्ञापन पत्र बुझाएका छन। ढेड बर्ष अघि देखि छाडा चौपया ब्यवस्थापनकालागि कपिलवस्तुको बुद्धभुमी नगरपालिकाको गब्दाहवामा पहल र तयारी गरे पनि वनको अवरोधका कारण अझै काम हुन सकेको छैन । छाडा चौपायका ब्यवस्थापनमा ठोस पलह गर्न र ध्यानाकर्षण गराउन जिल्ला समन्वय समितिका प्रमुख बावुराम आचार्य र मेयर्स क्लवका अध्यक्ष तथा बुद्धभुमी नगरपालिकाका अध्यक्ष केशव कुमार श्रेष्ठले प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएका थिए । छाडा चौपायका ब्यवस्थापनका लागि कपिलवस्तुका पालिका सहीतको टोलीले गब्दाहवामा स्थान छनौट गरी आवश्यक प्रकृया अघि बढाउने यस अघि नै निर्णय गरी सकेका छन । मेयर्स क्वलका अध्यक्ष श्रेष्ठले आफुहरुले वन डिभिजन र लुम्बिनी प्रदेश कार्यालयमा पहल गर्दा पनि हुन नसेको पछि प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको बताउनुभयो । प्रधानमन्त्रीले छाडा चौपाया ब्यवस्थापनका लागि पहल गर्ने प्रतिबद्धता ब्यक्त गरेका बाणगंगा नगरपालिकाका नगर प्रमुख चक्रपाणी अर्यालले जानकारी दिनुभयो । कार्यक्रममै जाजरकोट भुकम्प पीडित प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा कपिलवस्तु जिल्ला तर्फ बाट प्रधानमन्त्रीलाई २२ लाखको चेक समेत हस्तान्तरण गरिएको थियो । संघीय महिला बालबालिका तथा जेष्ठ नागकिर मन्त्री सुरेन्द्र राज आचार्यले छाडा चौपया कपिलवस्तु सहीत तराईका धेरै जसो जिल्लामा समस्यामा रहेको बताए । उनले यस बिषयमा प्रधानमन्त्री समेतले चासो लिएको बताए। उनले अब भने कपिलवस्तुमा छाडा चौपायका समस्या चाडै समाधान हुने बताए। टोलीमा राष्ट्रिय सभा सदस्य बिमला घिमिरे, बाणगंगा नगरपालिका प्रमुख चक्रपाणी अर्याल , कपिलवस्तु नगरपालिका मेयर सुदिप पौडेल कृष्णनगर नगरपालिका प्रमुख रजत प्रताप शाह, र विजयनगर गाउपालिका प्रमुख गोपाल थापा लगायतको टोली प्रधामन्त्रीको कार्यालयमा सहभागी थिए । छाडा चौपायाको समस्या समाधान हुन नसक्दा सबै भन्दा बढी कृषकहरु समस्यामा परेका छन । यस्तै दुर्घटना समेत बढेको, फोहर र दुर्गन्ध समेत बढेको छ।

# गल्ती गर्नेलाई सरकारले छाडेपनि नेपालको कानुनले छाड्दैन : सांसद पन्थी



कपिलवस्तु ६ पुस

लुम्बिनी प्रदेश सांसद विष्णु पन्थीले गल्ति गर्नेलाई नेपालको कानुनले नछाड्ने बताउनुभएको छ । गठबन्धनको सरकार हुदाहुदै पनि गठबन्धन भित्रैका उच्च पदस्थ व्याक्तिहरु पनि कानुनी कठघरामा जानुपरेको भन्दै कसैलाई पनि गल्ति गर्ने छुट नभएको बताउनुभयो । शुक्रबार साना किसान कृषि सहकारी संस्थाको २४ औं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो । पछिल्लो समय केहि सहकारीले गर्दा राम्रो काम गरेका सहकारीको पनि बदनाम भैरहेको भन्दै हल्लाको पछाडि नलाग्न उहाँले आग्रह समेत गर्नुभयो । त्यस्तै नेपाल कृषि सहकारी संघ लिमिटेडका केन्द्रिय सदस्य पदम खनालले काम गर्दा केहि गल्ति हुने भन्दै राम्रा काम बिर्सन नहुने बताउनुभयो । त्यस्तै बाणगङ्गा नगरपालिका उपप्रमुख रिता कुमारी चौधरीले सहकारीले कृषि र उद्यमद्वारा

(बाँकी ३ पेजमा>>>

# हमासले भन्यो- 'युद्ध अन्त्य नभएसम्म थप बन्धक रिहा गर्दैनौं

एजेन्सी ६ पुस । गाजा क्षेत्रमा शासन गर्दै आएको हमासले इजरायलले गरिरहेको आक्रमण पूर्णरूपमा अन्त्य नहुँदासम्म बन्धक बनाइएका थप मानिसलाई मुक्त नगर्ने जनाएको छ । युद्धविराम र बन्धक रिहा गर्ने बारेमा वार्ता भइरहँदा हमासले विज्ञप्ति निकालेर आक्रमण पूर्णरूपमा अन्त्य भएपछि मात्रै थप बन्धक रिहा गर्ने बताएको बीबीसीले जनाएको छ ।गएको अक्टोबर ७ तारिखमा हमासले इजरायलमा गरेको आक्रमणका क्रममा अपहरणमा परेका



भनिएका दुई सय ४० जनामध्ये एक सय २० जना अझै बन्धक रहेका बताइएको छ। इजरायलले बन्धकहरू मुक्त गर्ने सबैभन्दा उत्तम उपायको रूपमा सैन्य दबाबलाई लिएको छ । तर यो उपायले अहिलेसम्म उपलब्धि भने हासिल भएको छैन । इजरायलले अहिलेसम्म एक जना बन्धक मात्रै मुक्त गर्न सफल भएको छ ।यसअघि एक हप्ता लामो सङ्घर्षविरामका क्रममा एक सय जनाभन्दा बढी बन्धक बनाइएका मानिस मुक्त भएका थिए ।इजरायल-हमास युद्ध अन्त्य गर्ने उद्देश्यसहित संयुक्त राष्ट्रसङ्घमा प्रस्तावहरू पारित गर्ने प्रयास जारी छन्। सुरक्षा परिषदमा यसअघिको मतदानमा अमेरिकाले भिटो प्रयोग गरेपछि युद्धविरामको प्रस्ताव पारित भएको थिएन।

अर्को मतदान आज राति हुँदैछ । इजरायल भने आफ्नो देशमा आक्रमण गर्न सक्ने हमासको क्षमता कमजोर नबनाउँदासम्म युद्ध रोक्ने पक्षमा देखिएको छैन । इजरायलको आक्रमणमा परेर गाजामा २० हजार जनाभन्दा धेरै मानिस मारिएका छन्।

## सम्पादकीय

### मिलाप र बिलाप !

राजनीति बडो नराम्रो तरिकाले गिजोलियो । जारी जाडोको मौसम । छोटो सिरक तल ताने माथि खाली, माथि ओड्दा तल खाली भनेजस्तो भएको छ । पद जति थपे पनि नपुग्ने । सरकार र मन्त्री जति बनाउँदा पनि नहुने । सांसद र सभासदका नाममा जतिलाई बजेट बाँडे पनि कसैको चित्त बुझाउन नसकिने । अनि कसरी हो देशमा विकास हुने ? हुन्न । एउटा मन्त्री थप्दा अर्को रिसाउँछ । उसलाई काखी च्याप्दा त्यो बाउँठिन्छ । जति दिए पनि पुग्यो, भयो भनेर कसैले नभन्ने । पालो पर्खेर बस न त भन्दा कसैले नमान्ने । अनि कसरी हो प्रदेशका नाममा पार्टीका बेरोजगारहरुको परजीवी पल्टन पाल्ने परिपाटीलाई धान्ने ?

राजनीति भनेकै झगडाको बीउ खोजेर, निहुँ झिकेर, जसरी पनि पदमा पुगेर, सरकारी ढुकुटी खाएर, पचाएर, डकार्ने थलो हो भन्ने पारिएको छ समाजमा । विगतका सांसद र शासकले जे बानी बसाले, जस्तो रोग पसाले र बसाले, त्यसैको सकस परेको हो अहिले । त्याग र तपश्या, सेवा र समर्पण, सदाचारका लागि प्रतिस्पर्धा र इमानको उच्चअभिलाशा देखिदैन कतै । तुच्छ स्वार्थ र नितान्त निजी सुविधाका लागि निकृष्ट काम गर्न पनि पछि नपर्नेहरुको बोलाबाला बढ्यो । त्यसैले हुनुपर्ने भन्दा नहुनुपर्ने काम बढी गरिन थालियो । यसो हुन्न, उसो गरे पनि मानिन्न भन्ने तरिकाले जस्तै शासन व्यवस्था पनि धानिन्न । अहिलेको पिरलो त्यसैको प्रमाण त होला नि !

लुम्बिनीमा मात्रै हैन, धेरै प्रदेशमा सरकारले पूर्णता पाउन सकेको छैन । जसरी तसरी बहुमत पुऱ्यायो, कुनै मूर्तीलाई मुख्यमन्त्रीमा ठड्यायो, अनि यो चाहियो र त्यो चाहियो भनेर सतायो । भएन, गरेन भनेर अत्यायो । आफुलाई पद र पैसा आउने बाटो बनाइदिए स्याब्बास् भन्यो, नत्र धारे हात लगाएर सराप्यो । संघ, होस् वा प्रदेश, जता गयो, हेऱ्यो, उतै देखिन्छ विद्वेष । पद पाइएला भनेर पहिले मेल-मिलाप र नमिलेपछिका अलाप र बिलाप । सरकार र पार्टी जता हेरे पनि एक अर्काको खिलापै खिलापमा लागेको मात्र भेटिने । कसैको तीर्खा कहिलै नमेटिने । कोही कसैलाई नसघाउने, जति खुवाए पनि नअघाउने, अनि कसरी हो सरकार टिकाउने र विकाउने ?

लुम्बिनी प्रदेशमा सरकारले पूर्णता पाएन, धेरैले भने । कांग्रेस र माओवादीबाट एक/एक जना गरी दुईजना मन्त्री थप्ने भएपछि मलाई चाहियो र उसलाई दिनपर्छ भन्नेको लर्को छ । धम्की दिनेकै बोली चर्को छ । कांग्रेसका पुरुष र माओवादीबाट महिलाको नाम सार्वजनिक पनि भयो । त्यसपछि मुर्मुरिएर पर्ख्लास् भन्नेको कमी देखिएन । मिलाप र बिलापको यो रडाकोमा प्रदेशको आवश्यकता र औचित्यता पुष्टि गर्न सकिन्न । अभाव, दबाब र प्रभावको आक्रोश बढदो छ । विरोधको स्वर शिखर चढदो छ । उर्जावान युवा विदेश लखेटेर पार्टीका परजीवी पल्टन पाल्न थाल्ने हो भने प्रदेशको भारी थाम्न नसकिएला । त्यसपछि पनि जारी मिलाप र बिलापको अन्त्य होला कि नहोला ?

# रित्तो देशमा परित्यक्त शासकको खोजी




गणतन्त्र फाल्न वा राजा ल्याउन २०८४ को निर्वाचनमा जनतामा गएर विश्वास जित्नुको विकल्प छैन । व्यवस्था नै फाल्न वा पुनःस्थापना गर्न साधारण बहुमतले मात्र हुँदैन, दुईतिहाइ नै चाहिन्छ, जो अहिलेको अवस्थामा सम्भव देखिँदैन ।


गोपाल खनाल

**गोपाल खनाल**

कुनै राजनीतिक व्यवस्था र त्यसभित्रका प्रबन्धहरू प्रश्नभन्दा माथि हुँदैनन्। राजनीतिक प्रणाली विकल्पहीन पनि हुँदैन। यो वस्तुगत यथार्थबाट हेर्दा, नयाँदिल्लीमा २०६२ मंसिर ७ मा भएको बाह्रबुँदे समझदारीका दुई उपलब्धि गणतन्त्र र धर्मनिरपेक्षता एवं २०६३-६४ को मधेश आन्दोलनको उपलब्धि संघीय शासन प्रणालीमाथि प्रश्नहरू उठेका छन्। यी प्रबन्ध खतरामा परेका होइनन्, प्रबन्धविरुद्धका आरम्भदेखिका छिटफुट बहसहरूले संगठित नेतृत्व खोजेका हुन्।

त्यसैले राजा, हिन्दुराष्ट्र र एकात्मक शासन चाहिन्छ वा २०४७ कै संविधान ब्युँताउनुपर्छ भन्ने बहसबाट गणतन्त्रवादी अतालिनु र राजावादी हौसिनु पर्दैन। यो नजरअन्दाज गर्नुपर्ने बहस पनि होइन। विद्यमान व्यवस्थालाई दोषी करार नगरी राजावादीले राजतन्त्रको आह्वान गर्न सक्दैनन्, त्यसैले सकेसम्म २४० वर्षसम्म नेपाल स्वर्णिमकाल थियो तर १५ वर्षमा अँध्यारो सुरुङमा फस्यो भन्ने एकपाखे संकथन निर्माण गरिरहन्छन्। तर प्रश्न राजावादीलाई सोधेर मात्र पुग्दैन, हरेक गणतन्त्रवादी नेताले आफैंलाई समेत सोध्नुपर्छ। एक थरी गणतन्त्रवादी प्रश्न सुन्नै नचाहने छन् भने अर्का थरी सायद सत्तामा यथोचित हिस्सा नपाएर हुनुपर्छ, राजतन्त्रवादीको परोक्ष समर्थक बन्दै छन्। यो विचार राजतन्त्र चाहियो भन्न अघि सारिएका दुई मुद्दा राजतन्त्रमा फर्केनेबित्तिकै देश सुशासनका कोणबाट लयमा फर्किन्छ र देश भूराजनीतिक जटिलतबाट मुक्त हुन्छ भन्ने राजावादी तर्कशास्त्रमाथि आधारित छ।

पहिलो, संवैधानिक राजाले सबै ठीक गर्छन्? १८२५ असोज १३ देखि २०६५ जेठ १५ सम्म अर्थात् पृथ्वीनारायण शाहदेखि ज्ञानेन्द्र शाहसम्म आउँदा २४० वर्षमा नेपालमा राजा-महाराजाले शासन गरेका हुन्। विसं १९०३ देखि २००७ सम्म देश जहानियाँ राणा शासनको नियन्त्रणमा रह्यो, अधिकारविहीन भए पनि राजाहरू राष्ट्रप्रमुख नै थिए। २०५८ जेठ १९ को दरबार हत्याकाण्डमा भएको राजा वीरेन्द्रको वंशनाशबाट पतनको बाटोतर्फ अग्रसर राजतन्त्र राजा ज्ञानेन्द्रको 'कू' पछि समाप्त भएको हो। माओवादी जनयुद्ध र सात दलको आन्दोलन 'कुनै न कुनै ढाँचाको राजतन्त्र' बाट गणतन्त्रतर्फ मोडिनुका आधार यी घटना हुन्।

लामो समय राजाहरूले रैतीमाथि शासन गरेका हुन्। गणतन्त्र त भर्खर १५ वर्षको मात्र भएको छ, त्यसैले राजा फालेर नेपालले के गऱ्यो भन्नेलाई प्रतिप्रश्न गर्दा हुन्छ– लामो समयको राजतन्त्रले चाहिँ देशलाई के गऱ्यो? तर अब यी प्रश्न-प्रतिप्रश्नबाट नेपाल बन्दैन। तुलना घरेलु राजा र राष्ट्रपतिको गरेर मात्र हुँदैन, समयसँग गर्नुपर्छ, छिमेक र हाम्रोजस्तै अवस्था भएका अन्य देशले मारेको फड्कोसँग गर्नुपर्छ।

त्यसो भए राजा सबै खराब हुन्? त्यो होइन। गोर्खाका राजा पृथ्वीनारायण शाह आधुनिक नेपाल राष्ट्र बनाएका कारण राष्ट्रिय एकताका प्रतीक मानिएका हुन्। पृथ्वीनारायण शाहको सालिक ढाल्नेहरू पुनः सालिक स्थापित गर्दै छन्। प्रताप सिंह, रणबहादुर, गीर्वाणयुद्धहरू राजाहरूको सूचीमा बाहेक प्रायः कतै लेखिइँदैनन्, सम्झिइँदैनन्। बीचका सबै राजालाई छाडेर प्रजातन्त्र स्थापना गर्ने राजाका रूपमा चिनिएका त्रिभुवन राजा भएका बेला उनका स्वकीय सचिव भारतले खटाएका व्यक्ति थिए भने नेपालको मन्त्रिपरिषद्मा भारतीय राजदूत नै बस्थे। दलविहीन व्यवस्था चलाउँदा पनि राजा महेन्द्रलाई किन तिनै दलले सम्झिन्छन् भने, उनले परराष्ट्र सम्बन्ध विस्तार गरे। बिर्सनु हुँदैन, भारतसँग सन् १९६५ को गोप्य हतियार सम्झौता गर्ने र कालापानीमा भारतीय सेना राख्न दिने महेन्द्र नै हुन्। राजा वीरेन्द्रलाई शान्तिक्षेत्रको प्रस्तावका लागि सम्झिइन्छ। राजा-महाराजा, राष्ट्रपति र प्रधानमन्त्रीहरूलाई व्यवस्थाका प्रतिनिधिका रूपमा सम्झनुभन्दा उनीहरूका योगदानका आधारमा सम्झँदा मात्रै सही निष्कर्षमा पुग्न सकिन्छ।

जहानियाँ राणा शासनभित्रका नौ प्रधानमन्त्री सबै खराब थिएनन्। सन् १८५७ मा लखनउमा भएको सिपाही विद्रोह दबाउन फौज लिएर सहयोग गरेका कारण जंगबहादुर राणाले नयाँ मुलुक बाँके, बर्दिया, कैलाली र कञ्चनपुर फिर्ता पाए। चन्द्रशमशेरले सन् १९२३ मा नेपाल-ब्रिटेन मैत्री सन्धि गरेर नेपाललाई स्वतन्त्र र सार्वभौम राष्ट्र रहिरहने सुनिश्चितता गरे। अर्थात्, हरेक व्यवस्थाभित्रका राजा, शासक र कार्यकारीहरू खराब पनि छन् र असल पनि। राष्ट्रियताका सन्दर्भमा लिएको एउटा निर्णयका कारण कीर्तिनिधि विष्ट सम्झिइन्छन्। चीनसँगको सन् १९६० को शान्ति तथा मैत्री सन्धि र समाजवादी विचारकका रूपमा बीपी कोइराला सम्मानित छन्। सुशासनका कोणबाट हरेक राजा र प्रधानमन्त्रीमाथि जति पनि प्रश्न उठाउन सकिन्छ, सम्झिने केही सकारात्मक योगदानले हो।

कम्युनिस्ट अधिनायकवादी हुन् भन्ने प्रचारलाई सिद्धान्त र व्यवहारबाट जवाफ दिने सिद्धान्त जबजका कारण मदन भण्डारी र जनतासँग जोडिएका कारण मनमोहन अधिकारी प्रिय छन्।

केपी शर्मा ओलीले भारतीय अघोषित नाकाबन्दीविरुद्ध लडेर चीनसँग पारवहन यातायात सम्झौता गरेका हुन् भने लिम्पियाधुरासम्मको क्षेत्र नेपालको नक्सामा अंकित गर्ने कामको नेतृत्व लिएका हुन्। राजनीतिप्रति असहमति एउटा विषय भयो तर ऐतिहासिक कामको अवमूल्यन गर्न कसैले सक्दैन। राजाले गरेको देख्ने, नेताले गरेको नदेख्ने र त्यही आधारमा व्यवस्था खराब भनिरहने? प्रस्तावना नै गलत भएपछि निचोड कसरी सही हुन्छ?

राजावादी तर्कशास्त्रको अर्को बुँदा छ, 'यस्तो भूराजनीतिक जटिलतामा राष्ट्रको मियोका रूपमा राजा चाहिन्छ।' नेपाल विश्वशक्ति र एसियाली शक्तिका बीचमा रहेको, तिनका तुलनामा सानो तर विश्वमानचित्रमा मध्यमस्तरको राष्ट्र हो। चीन विश्वको दोस्रो ठूलो अर्थतन्त्र र भारत चौथो अर्थतन्त्र हो। उत्तरी छिमेकीको उदयलाई नियन्त्रण गर्ने नीति लिएको अमेरिका र पश्चिमा शक्तिको चासो हस्तक्षेपका रूपमा बढ्दै गरेर नेपाल यति बेला भूरणनीतिक भुंग्रोमा छ।

यीमध्ये कुन राष्ट्रले वा शक्तिले नेपालमा राजतन्त्र चाहेको हो? कसैकसैले राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) र भारतीय सत्तारूढ पार्टी भाजपा नेपालमा राजा चाहन्छन् भनेको सुनिन्छ। त्यो राजतन्त्रको पुनःस्थापनाको मुद्दामा बाह्य ढाप रहेको देखाउने प्रयास मात्रै हो। नेपालमा उनीहरूले चाहने भनेको सनातन हिन्दु सभ्यताको संरक्षण हो, यसमा नेपाल खलनायक भइहाल्नुपर्ने केही छैन। नरेन्द्र मोदी र योगी आदित्य नाथ नेपालमा राजा ब्युँताउन लाग्छन् भन्नु भ्रम मात्रै हो। आजको यथार्थवादी विश्वदृष्टिकोणमा राष्ट्रिय स्वार्थ प्रधान हुन्छ। भारतले नेपालमा भारतीय स्वार्थ हेर्ने हो। नयाँदिल्ली, बेइजिङ र वासिङ्टनले जहाँ आफ्नो स्वार्थको सम्बोधन हुने ठान्छन्, त्यहाँ समर्थन गर्छन्। अहिलेका सार्वभौम राष्ट्रहरूको चरित्र नै यही हो।

घरेलु राजनीति हेर्दा हिन्दुत्वको एजेन्डामा भारतीयलाई विश्वास दिलाएका कारण मोदीले बहुमत जनताको समर्थन पाएका हुन्। घरेलु राजनीतिमा अतिरिक्त लाभ लिन नेपालका हिन्दुको समर्थन खोज्नु स्वाभाविक हो तर त्यसका लागि राजा फर्काऔं भनिरहनु पर्दैन। जब भाजपा राजा ल्याउन चाहँदैन भने चीन, अमेरिका र युरोपेली संघले राजा चाहिन्छ भन्ने सवालै उठ्दैन। पश्चिमाले नेपालमा चाहेको इसाईकरण हो, स्वेच्छामा बाहेक प्रलोभनबाट धर्मान्तरणको गलत बाटो रोक्नुपर्छ। चीनले सत्तासँगको सम्बन्धलाई प्राथमिकता दिएकै छ, यद्यपि कम्युनिस्ट सत्तामा रहोस् भन्ने चाहना हुन सक्छ।

त्यसैले देशको मियोका रूपमा भूराजनीतिक संकटमा राजा चाहिन्छ र राजा फर्केको भोलिपल्टै भूराजनीतिक संकट समाप्त हुन्छन् भन्ने तर्क पानीका फोकाजस्ता हुन्। मानौं कोही संवैधानिक राजा भयो, ऊ कसरी एकाएक मियो बन्छ? एउटा तर्क छ– देश रहे राजा रहने भएकाले उनलाई देशको माया हुन्छ।

अनि देश नै नरहे दलहरूचाहिँ रहन्छन्? फेरि, संवैधानिक राजाले कार्यकारी प्रधानमन्त्रीभन्दा बाहिर गएर भारत, चीन, अमेरिकासँग बेग्लै सम्बन्ध राख्न सक्छन्? सरकारले बनाएको नीतिअनुसार संवैधानिक राजा चल्ने होइन र? व्यवस्थाहरू आफैं खराब वा असल हुँदैनन्, समयअनुसार ती परिवर्तन हुन्छन्। तर त्योभन्दा ठूलो व्यवस्थापकका गुण र दोषले व्यवस्थाको विघटन हुने हो। राजा भएका सबै मुलुक अनुकरणीय छैनन्, न गणतन्त्र भएका सबै मुलुक नै विकासको सूचीमा माथि छन्। राजतन्त्र होस् वा गणतन्त्र, कस्तो राजा वा कस्तो नेता, त्यो मूलभूत प्रश्न हो।

राजावादी तर्कशास्त्रभित्रको एउटा प्रस्ताव परामर्शयोग्य छ तर यसमा एउटा संशोधन आवश्यक छ, 'राजतन्त्र पक्षधरसहित एउटा नयाँ सम्झौता गरौं।' त्यो सशोधन हो, नयाँ सम्झौता होइन, राजावादीसहित सर्वपक्षीय खुला छलफल गरौं। गणतन्त्रवादी मुख्य दलहरू नै गणतन्त्र गलत रहेछ भन्ने निष्कर्ष निकालेर राजा फर्काउन सहमत भए भने बल्ल प्रक्रिया प्रारम्भ हुन्छ। होइन भने नयाँ सम्झौता गर्ने तहको शक्ति राजावादीसँग अहिले छैन। सर्वपक्षीय संवाद केका निम्ति? राजतन्त्रमा पनि समस्या थिए, गणतन्त्रमा पनि समस्या छन्, अब मिलेर देशको विकास गरौं भन्नका लागि हो भने ठीक छ। दलहरूले देशको संकट बुझेर अर्थतन्त्र, सामाजिक सद्भावजस्ता मुद्दामा जनतालाई साझा अपिल गर्नका लागि हो भने तार्किक छ। व्यवस्था ढाल्दै गर्दा भयो तर त्यसभन्दा पहिला कम्तीमा जनताको अवस्था परिवर्तन गर्ने साझा प्रतिबद्धता राजावादीबाट पनि आउनुपर्छ। गणतन्त्र फाल्न वा राजा ल्याउन २०८४ को निर्वाचनमा जनतामा गएर विश्वास जित्नुको विकल्प छैन। व्यवस्था नै फाल्न वा पुनःस्थापना गर्न साधारण बहुमतले मात्र हुँदैन, दुईतिहाइ नै चाहिन्छ, जो अहिलेको अवस्थामा सम्भव देखिँदैन।

दलहरूले भारतसँग मिलेर राजा फाले भन्नेले स्मरण गर्नुपर्ने तथ्यहरू अनेक छन्। राजा ज्ञानेन्द्रले पनि २०६१ फागुनमा पहिला शरद्चन्द्र शाह र पछि शाही मन्त्री रमेशनाथ पाण्डेलाई भारत पठाएर समर्थन खोजेका हुन्। राजा ज्ञानेन्द्रले भारतको समर्थन खोजेर निरकुंश राज्यव्यवस्था टिकाउन नखोजेका होइनन्, नसकेका मात्र हुन्। अब कस्तो राजतन्त्र ल्याउने भन्ने अर्को मुद्दा छ। प्रस्ट छ– राजावादीहरूले निरकुंश राजतन्त्र ल्याउन खोजेका हुन् तर सम्भव नहुने भएकाले संवैधानिक राजतन्त्र भनेका हुन्। आजको समयमा राजाको नेतृत्वमा दलविहीन व्यवस्था ल्याउन सम्भव छैन। यसको अर्थ हाललाई सवैधानिक राजतन्त्र वा कुनै ढाँचाको राजतन्त्र हो।

अर्थात्, अहिलेको राष्ट्रपतिका ठाउँ राजा। त्यो भनेको सवैंधानिक राजतन्त्र हो। एक छिनका लागि मानौं, संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र अर्थात् २०४७ पछिको अवस्थामा देश पुग्यो, त्यस बेला पनि प्रधानमन्त्री बन्ने दलहरूबाटै हो।

बहुमत ल्याउने दलले वा बहुमत नहुँदा संयुक्त सरकार दलहरूले गठन गर्ने हुन्। त्यति मात्र होइन, यिनै कांग्रेस, एमाले, माओवादी वा नयाँ भनिएका दलहरूबाटै मन्त्रिपरिष्द बन्ने हो। अब एकाएक नेपाली जनताको अवस्थाचाहिँ कसरी परिवर्तन हुन्छ? बहस यता पनि गरौं।

एउटा सत्य हो– हिन्दुराष्ट्रका पक्षमा र संघीयताका विपक्षमा राजतन्त्रका पक्षमा भन्दा बढी शक्ति छ। परम्परागत पहिचानमाथि निरन्तर आक्रमण हुन थालेपछि हिन्दुत्वमा र झ्यालझ्यालमा मन्त्रीका साइनबोर्ड र शक्तिको चरम दुरुपयोग भएपछि प्रदेश खारेजीका पक्षमा मत बढ्दै गएको यथार्थ हो। यी मुद्दा र यो संटकको समाधान विभाजित भएर होइन, एकीकृत भएर खोज्ने हो। -कान्तिपुर

# तिलोत्तमा चेम्बरका रक्तदानमा ४१ युनिट रगत संकलन




तिलोत्तमा, ६ पुस

तिलोत्तमा चेम्बर अफ कमर्शले आफ्नो १० औं वार्षिक साधारण सभा तथा चौथो अधिवेशनका अवसरमा शुक्रबार रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

संघको कार्यालय मणिग्राममा आयोजित रक्तदान कार्यक्रममा व्यवसायीहरुले उत्साहजनक सहभागिता जनाएको संघका अध्यक्ष बाबुलाल भुसालले जानकारी दिए। कार्यक्रमको उदघाटन गर्दै नेपाल चेम्बर अफ कमर्शका केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश अध्यक्ष टंकप्रसाद पोखरेलले मानवीय जीवनका लागि रगत अत्यन्तै महत्वपूर्ण भएकाले यस्ता कार्यक्रमतर्फ संघ सधै अग्रसर भइराख्नुपर्नेमा जोड दिए।उनले व्यवसायीहरुको हक हित र उनीहरुका मुद्दालाई बोकेर संघको नेतृत्व अगाडि बढेमा संस्था मजबुत हुने र व्यवसायीहरुका लागि व्यावसायिक सीपका साथै नेतृत्व र क्षमता विकासका कार्ययोजनाहरु पनि सञ्चालन गर्नुपर्नेमा जोड दिए।चेम्वर अफ कमर्श लुम्बिनी प्रदेशका महासचिव एवं संघका संस्थापक अध्यक्ष झविन्द्रप्रसाद कंडेलले सही कार्ययोजना र नेतृत्वले मात्र संस्थाको सवलीकरण र विकासमा टेवा पुग्ने बताए।कार्यक्रममा संघका उपाध्यक्ष नेत्रप्रसाद न्यषैपाने, महासचिव विष्णु बराल क्षेत्रीले पनि आ-आफ्नो धारणा राखेका थिए। रक्तदान कार्यक्रममा ४१ युनिट रगत संकलन भएको संघका कार्यालय प्रमुख रामु सापकोटाले जानकारी दिए। तिलोत्तमा चेम्बर अफ कमर्शको १० औं वार्षिक साधारण सभा तथा चौथो अधिवेशन यही पुस १४ गते हुँदैछ।

## गल्ती गर्नेलाई सरकारले छाडेपनि ...

आर्थिक अवस्था सुधार गर्न सहयोग गर्नुपर्ने बताउनुभयो।

पशु शखा प्रमुख राजकुमार तिवारीले सहकारीले ग्रामीण भेगका महिलाहरुको आर्थिक अवस्था सुधार गर्न महत्वपूर्ण भुमिका खेलेको बताउनु भयो। कार्यक्रममा बोल्दै बाणगङ्गा नगरपालिका वडा नम्बर ७ का वडा अध्यक्ष बिष्णु गिरिले करोडौं रुपैयाँ ऋण लिएर सरकारले मिनाहा गर्नुपर्छ भन्दै हिड्नेको पछाडि नलाग्न आग्रह गर्नुभयो।

त्यस्तै वडा नम्बर ८ का वडा अध्यक्ष बाबुराम अर्यालले वडा अध्यक्षको रुपमा रहदा आफु सङ्ग पनि सहकारीको विषयमा विभिन्न समस्या आएको भन्दै त्यस तर्फ संचालक समितिको ध्यानाकर्षण गराउनुभएको थियो।

सहकारीका अध्यक्ष भिम प्रसाद सापकोटाले अध्यक्षको प्रतिवेदन राख्दै अहिले सहकारीमा ३ हजार ११५ जना शेयर सदस्यहरु रहेको जानकारी गराउनुभएको थियो।

कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या :- २०८०/०८१
चलानी नम्बर :-

फोन नं.:- ०७६-५२०१४७
फ्याक्स नं.:- ०७६-५२०६८४

मिति:- २०८०|०९|०६

**विषय: – मिति सच्चाइएको सम्बन्धमा।**

यस कृष्णनगर नगरपालिकाबाट मित २०८०|०९|०६ गते बुद्ध दर्पण दैनिकमा प्रकाशित वि.नं. ५/०८०/०८१ एम.आई.एस. अपरेटर सहायक पाँचौं सरह पद सम्बन्धि प्रथम पटक सूचना प्रकाशित मिति २०८०|०९|०६ हुनुपर्नेमा अन्यथा भएकले सच्चाइएको व्याहोरा सबैको जानकारीको लागि अनुरोध छ।

रमेश गौतम
प्रमुख प्रसशाकीय अधिकृत

# मृगौला पिडितलाई रकम हस्तान्तरण



कपिलवस्तु ६ पुस

मानविय सेवा नै सर्वोत्तम कार्य हो भन्ने मुल मर्मलाई आत्मसात गर्दै आज नेपाल स्वयंसेवक संघ शिवराज नगर कमिटी, युनिक स्वयंसेवक नेपाल धरान तथा होटल तथा रेष्टुरेन्ट व्यावसायी संघ जिल्ला समिति कपिलवस्तुको सम्युक्त सम्बन्ययमा आज मृगौला पिडित बिरामी शिवराज १ निवासी मीन बहादुर पुनमगरलाई रकम हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।

निज बिरामी लामो समयदेखि मृगौला रोगबाट पिडित छन्।

हस्तान्तरण कार्यक्रममा शिवराज नगर उपप्रमुख तथा नेपाल स्वयंसेवक संघ शिवराज नगर कमिटीका प्रमुख सल्लाहकार शिवकुमारी थारु, वडा नम्बर १ र ५ का वडा अध्यक्ष क्रमशः खिमबिक्रम केसी र नेत्र बेल्वासे, नेकपा एमाले शिवराज नगर कमिटी अध्यक्ष जगत पौडेल, राष्ट्रिय मानवअधिकार प्रतिष्ठान जिल्ला समिति सभापति बिष्णु प्रसाद खतिवडा, कानुनबिद् शरद अधिकारी, नेपाल स्वयंसेवक संघ केन्द्रीय सचिव गोपाल बन्जाडे, संघका नगर अध्यक्ष लेखनाथ घर्ती लगायतको उपस्थितिमा पिडित बिरामी मीन बहादुर मगरलाई २ लाख पाँच सय पन्ध्र रुपैया हस्तान्तरण गरेको युनिक स्वयंसेवक नेपाल हेटौंडाका अभियान्ता राजकुमार श्रेष्ठले जानकारी दिनुभयो।

अभियानमा युनिक स्वयंसेवक नेपालका तर्फबाट राजकुमार श्रेष्ठ, थरमान बिश्वकर्मा, एन्जिला बस्नेत, धनबहादुर सेन्चुरी, सरोज कार्की लगायत छन् भने नेपाल स्वयंसेवक संघका तर्फबाट लेखनाथ घर्तीको नेतृत्वमा सरस्वती भारती, बसन्ति गिरि लगायत रहनुभएको छ।

हस्तान्तरण कार्यक्रममा सहभागी सबैले जनप्रतिनिधिको र सामाजिक संघसंस्थाका प्रमुख प्रतिनिधिको उपस्थितिमा यसरी स्वयं पिडितलाई सहयोग गर्नु मानव जीवनकै सर्बोत्कृष्ट कार्य भएको बताएका थिए।

# टिप्पर दुर्घटनामा १ को मृत्यू




पाल्पा ६ पुस

पाल्पामा टिपर दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन्। मृत्यु हुनेमा पाल्पाको रिब्दीकोट गाउँपालिका-३ का ३० वर्षीय विष्णु ढकाल रहेका प्रहरीले जनाएको छ। प्रहरीका अनुसार गम्भीर घाइते रहेका दाङको घोराही उपमहानगरपालिका-१२ का ३२ वर्षीय यमराज पुन र रोल्पाको त्रिवेणी गाउँपालिका-५ का हिमाल घर्तीको युनाइटेड मिसन अस्पताल तानसेनमा उपचार भइरहेको छ।चारजना सवार रा १ ख २४०४ नम्बरको टिपर रिब्दीकोट गाउँपालिका-२ लघुवाको सडकबाट करिब १५० मिटर तल खसेर दुर्घटनामा परेको हो।

दुर्घटनामा सकुशल रहेका टिपरका चालकलाई भन प्रहरीले नियन्त्रणमा लिएको छ।

# बर्दिया कारागारका कैदीको मृत्यू



बर्दिया ६ पुस

बर्दिया कारागारका एक कैदी बन्दीको उपचार गर्न भेरी अस्पताल,नेपालगन्ज लैजाँदा बाटोमा मृत्यु भएको छ।

दम र प्रेसर भएका मधुवन नगरपालिका-२ का ७४ वर्षीय चिन्तानी थारुको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, बर्दियाका सूचना अधिकारी एवं डिएसपी तुलसीराम अर्यालले बताए।उनीमाथि जबर्जस्ती करणीको अभियोगमा कारागारमा बन्दी जीवन बिताइरहेको उनले जनाए। ०७९ साल जेठ २३ गते जिल्ला अदालत, बर्दियाले पुर्पक्षका लागि कारागार चलान गरेको प्रहरीले जनाएको छ।




पानी उमालेर पिउने गरौं
अनुरोधक :-
कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

बाढी पहिरोको जोखिम स्थानमाबसेकाहरू समयमै सुरक्षित स्थानमा जाऔं
अनुरोधक :-
कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं ,अकाल मृत्युबाट बचौं
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

पशुपंक्षीहरूलाई दाना,पानी दिने भाँडा नियमित रूपमा सफा गरौं
अनुरोधक :-
बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

चर्पीमा मात्रै दिसा पिसाव गरौं
अनुरोधक :-
बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं
अनुरोधक :-
शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

महिला हिंसाको अन्त्य गरौं शून्य सहनशीलत कायम गरौं
अनुरोधक :-
सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही

सफासँग हात धोएर मात्र खाना खाने गरौं
अनुरोधक :-
विजयनगर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
मायादेवी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं
अनुरोधक :-
सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरू पालना गरौ,आफु पनि जोगिऔं र अरूलाई पनि जोगाऔं
अनुरोधक :-
सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भैरहवा, रुपन्देही

खानेपानीका मुहानहरू सफा राखौं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

अपाङ्गता भएका व्यक्तिहरूप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरू पालना गरौ,आफु पनि जोगिऔं र अरूलाई पनि जोगाऔं
अनुरोधक :-
यशोधरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

साँस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं राष्ट्रिय स्वाभिमानको रक्षा गरौं
अनुरोधक :-
कञ्चन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

रूख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाऔं
अनुरोधक :-
शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

धुम्रपान र मद्यपानबाट टाढा रहौं,सुखी र स्वस्थ्य जीवन बिताऔं
अनुरोधक :-
बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भुमही,पश्चिम नवलपरासी

आफ्नो घर र व्यवसायमा वालवालिकालाई श्रममा नलगाऔं , अरूलाई पनी बाल श्रम प्रयोग नगर्न सुचित गरौं
अनुरोधक :-
गैडहवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

# शिक्षक-विद्यार्थीसँग सरकारी वकिल कार्यालयको अन्तर्क्रिया




बुटवल, ६ पुस

उच्च सरकारी वकिल कार्यालय बुटवलले शुक्रर शिक्षक विद्यार्थीहरुसँग अन्तर्क्रिया गरेको छ।

सरकारी वकिल कार्यालयको काम कारबाही, शिक्षक विद्यार्थीहरुसँगको सहकार्य, कानुनी ज्ञान लगायतका विषयमा सरकारी वकिल कार्यालयले अन्तर्क्रिया गरेको हो।

समुदायमा सरकारी वकिल कार्यक्रम अन्तर्गत अन्तर्क्रिया गरिएको हो।

त्यस अवसरमा सरकारी वकिलको सांगठनिक संरचना, काम कर्तव्य एवं समग्र समुदायप्रति यसको दायित्व विषयमा जानकारी गराइएको थियो।

बुटवल-११ स्थित नविन औद्योगिक कद्दरबहादुर रीता रायमाझी विद्यालयमा कार्यक्रम गरिएको हो।

कार्यक्रममा उच्च सरकारी वकील कार्यालय बुटवलका सहन्यायाधिवक्ता गोविन्दराज गौलीले कार्यालयले सम्पादन गर्दै आइरहेका काम, सांगठनिक संरचना र कानुनी प्रावधानबारे जानकारी गराएका थिए।

बुटवल उपमहानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष रामचन्द्र श्रेत्रीले शिक्षक विद्यार्थीहरुका लागि कानुनी ज्ञान अपरिहार्य रहेको भन्दै यस्ता कार्यक्रमले प्रभावकारी उपलब्धि हासिल हुने विश्वास व्यक्त गरे।

कार्यक्रममा उच्च सरकारी वकील कार्यालय, बुटवलका उप-न्यायाधिवक्ता रवि न्यौपानेले "सरकारी वकीलको सांगठनिक संरचना, काम, कर्तव्य एवं समग्र समुदायप्रति यसको दायित्व" विषयक कार्यपत्र प्रस्तुत गरेका थिए।

करीव १६ जना सहभागीहरुबाट सरकारी वकील र सरकारवादी मुद्दा सम्वन्धमा उठाईएका जिज्ञासाहरुको उच्च सरकारी वकील कार्यालय बुटवलका सह-न्यायाधिवक्ता गोविन्दराज गौली, उपन्यायाधिवक्ता रवि न्यौपाने र कानुनी सहायता अधिकृत विष्णु भुषालले विभिन्न रोचक उदाहरणहरु सहित जिज्ञासालाई सम्वोधन गरेका थिए।

कार्यक्रममा सहभागी विद्यार्थीको तर्फबाट कानून संकाय कक्षा १२ मा अध्ययनरत विद्यार्थी रुक्सा अर्याल, सोही समूहको कक्षा १२ मा अध्ययनरत विद्यार्थी एवं नविन विद्यार्थी क्लवका अध्यक्ष अमिसन थापा, कानून समूहका ईन्चार्ज अधिवक्ता लोक प्रसाद खरेल, विद्यालयका प्राधानाध्यापक प्रेम बहादुर बस्नेत, उच्च सरकारी वकील कार्यालय बुटवलका कम्प्यूटर अपरेटर बुद्धि पराजुली लगायतले मन्तव्य व्यक्त गरेका थिए।

चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्यावाट बचन

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान, मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा सकेसम्म नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- दम, हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले समय समयमा स्वास्थ्य परीक्षण गरौं,
- चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह बमोजिम गरौं

जाडोको जोखिमबाट आफु पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# महिला क्रिकेटमा लुम्बिनीमाथि सुदूरपश्चिमको जित



काठमाडौ ६ पुस

प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेटमा सुदूरपश्चिम प्रदेशले पहिलो जित हात पारेको छ । त्यसक्रममा सुदूरपश्चिमले लुम्बिनीलाई ९ विकेटले हराएको छ।

मूलपानी क्रिकेट मैदानमा भएको खेलमा जितका लागि पाएको ७२ रनको सामान्य लक्ष्य सुदूरपश्चिम प्रदेशले ९.५ ओभरमा १ विकेट गुमाएर भेट्टायो।

सुदूरपश्चिमलाई जिताउन नट आउट रहेका कविता जोशीले २४ तथा रेवती धामीले १७ रन बनाए । रुबी पोदारले १४ रन बनाइन् ।यसअघि पहिला ब्याटिङ गरेको लुम्बिनी २० ओभरमा ७ विकेट गुमाएर ७१ रन मात्र बनाउन सकेको थियो।

लुम्बिनीका लागि सरस्वती पुनले १९ र आश्मा पुन मगरले १६ रन बनाए।

सुदूरपश्चिमका लक्ष्मी साउदले २ तथा इश्वरी विष्ट, अनु खडायत र रितु कनौजियाले समान १ विकेट लिए।

प्रतियोगितामा पहिलो जित हात पारेको सुदूरपश्चिम आफ्नो पहिलो खेलमा एपीएफसँग पराजित भएको थियो। लुम्बिनीले भने पहिलो खेलमा गण्डकी प्रदेशलाई हराएको थियो।

प्रतियोगितामा सहभागी ८ टिमले २ २ खेल खेल्दा एपीएफ र कोशीले समान ४ अंक बटुलेका छन्।

सुदूरपश्चिम, गण्डकी,बागमती र लुम्बिनीले समान २ अंक पाएका छन्।

मधेश र कणालीले भने दुवै खेल हारेका छन् र उनीहरुले कुनै अंक बटुलेका छैनन्।

सहभागी सबै ८ टिमले एक अर्कासँग खेलेपछि शीर्ष ४ टोली अघिल्लो चरणमा पुग्ने छन्।

# पर्यटन ब्यवसायी सम्मानित




लुम्बिनी, पुस ४ गते

लुम्बिनीका पर्यटन ब्यवसायी चन्दनसिंह कुबर भारतको कुशीनगरमा मित्र अवार्डबाट सम्मानित भएका छन्।

एशोसिएसन अफ बुद्धिष्ट टुर अपरेटर्स, भारतद्वारा आयोजित ६ औं अन्तर्राष्ट्रिय बुद्धिष्ट ट्राभल मार्टमा कुबरलाई भारतीय बिग्रेडियर जनरल विरेन्द्र सिंहले उक्त अवार्ड प्रदान गरेका थिए।

लुम्बिनीको पर्यटन प्रबर्द्धन र सीमा क्षेत्र बेलहिया र ककरहवा नाका हुदै पर्यटकलाई सहज आवागमन गर्न सहजीकरण गरेर योगदान पुऱ्याउदै आएका सम्मानित भएको हुन् । पिस लुम्बिनी टुर एण्ड ट्राभल्सका निर्देशक कुबर पर्यटन प्रबर्द्धनसंगै सामाजिक काममा पनि सक्रिय छन्।




कमन नेपाल खोज तथा अनुसन्धान प्रतिष्ठानद्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे,
अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादक: बसन्त गिरी, सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्स: ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेल: buddhadarpan@gmail.com मुद्रण: कलर अफसेट प्रेस, बुटवल, रुपन्देही